# निःसन्तान व्यवस्थापन सेवा सञ्चालन सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः** निःसन्तान पहिचान, रोकथाम र उपचार सेवा लक्षित समूहसम्म सहज रूपमा प्रदान गरी संविधान प्रदत्त प्रजनन अधिकारलाई सुनिश्चित गर्न वान्छनीय भएकाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१.**संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस मापदण्डको नाम "**निःसन्तान व्यवस्थापन सेवा सञ्चालन सम्बन्धी मापदण्ड, २०८२**" रहेको छ।

(२) यो मापदण्डतुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**:बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा;

(क) "स्वास्थ्य संस्था" भन्नाले दफा ३ बमोजिमको सेवा प्रदान गर्ने सरकारी स्वास्थ्य संस्था सम्झनुपर्छ र सो शव्दले प्रचलित कानून बमोजिम स्थापित गैरसरकारी वा निजी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाइ समेत जनाउँछ।

(ख) "आइ यु आइ" (Intra-Uterine Insemination) सेवा" भन्नाले मानव वीर्य विशेष तवरले सफा गरी छानेर मानव पाठेघरमा राख्ने प्रविधि सम्झनु पर्दछ ।

(ग) "आइ. भी. एफ. (In-Vitro Fertilization)" सेवा भन्नाले मानिसको शरीर वाहिर भ्रुण तयार पारी मानव पाठेघरभित्र प्रत्यारोपण गरिने प्रविधि सम्झनु पर्दछ।

(घ) "इम्ब्रायोलोजी प्रयोगशाला" भन्नाले मानव पाठेघरभित्र प्रत्यारोपण गरिने भ्रुण तयार गर्ने कक्ष सम्झनु पर्दछ ।

(ङ) "एन्ड्रोलोजी प्रयोगशाला" भन्नाले मानव पाठेघरमा राख्ने वीर्य तथा सो संग सम्बन्धित तरल पदार्थको तयार गर्ने कक्ष सम्झनु पर्दछ ।

(च) "गैह्सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्वीकृति लिई गैह्सरकारी वा निजी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएको स्वास्थ्य संस्था सम्झनु पर्दछ।

(छ) "प्रदेश मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्दछ।

(ज) "भवन संहिता" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय भवन संहिता सम्झनु पर्दछ।

(झ) "निःसन्तान" भन्नाले महिला र पुरुषले कुनै पनि गर्भ निरोधको साधन प्रयोग नगरी नियमित यौन सम्पर्क गर्दा करिब १ वर्षसम्ममा पनि गर्भधारण नभएको अवस्थालाई निःसन्तान सम्झनु पर्दछ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(ञ) "निःसन्तान व्यवस्थापन इकाई" भन्नाले सरकारी तथा गैह्र सरकारी वा निजी स्वास्थ्य संस्थामा निर्देशिकाको दफा ३ उपदफा (१) बमोजिम निःसन्तान व्यवस्थापन सम्बन्धी सेवा दिने विभिन्न कक्ष, औजार उपकरण, जनशक्ति र सामग्री (कन्जुमेजबल्स) हरू सहित स्थापना भएको इकाई सम्झनु पर्दछ ।

(ट) "विशेषज्ञ अस्पताल" भन्नाले जनस्वास्थ्य सेवा नियमावली,२०७७ अनसूची-१ बमोजिमका आधारभूत स्वास्थ्य सेवा, अनुसूची ३ बमोजिमका विशेषज्ञ सेवा सहित शल्यक्रिया सहितको आकस्मिक सेवा, प्रसूति तथा स्त्रीरोग, प्रयोगशाला, रक्त सञ्चार सेवा, रेडियो इमेजिङ्ग, फार्मेसी, सघन उपचार सेवा (एच. डी. यू., एन. आई. सी. यू., एम. आइ. सी. यू., एस. आइ. सी. यू.,सी. सी. यू., सी. एन. आइ. सी. यू. पी. आइ. सी. यू.) र कार्डियाक क्याथेटराइजेशन सेवा, हेमोडाईलाईसिस सेवा चौबिसै घण्टा उपलब्ध भएको कम्तिमा १०० शय्याको अस्पताल सम्झनु पर्दछ ।

(ठ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ ।

(ड) "शल्यक्रिया" भन्नाले निःसन्तान उपचार व्यवस्थापन गर्न गरिने चिरफार सम्बन्धी कार्य सम्झनु पर्दछ।

(ढ) "स्थानीयतह" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ।

(ण) "सरकारी स्वास्थ्य संस्था" भन्नाले संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(त) "स्क्रीनिङ" भन्नाले गर्भ धारण हुन नसक्नुका कारण पत्ता लगाउन गरिने प्रारम्भिक परीक्षण सम्झनु पर्दछ ।

(थ) "सेवाग्राही" भन्नाले निःसन्तान सम्बन्धी स्क्रीनिङ, परामर्श तथा उपचार सेवा लिन आउने व्यक्ति वा दम्पती सम्झनु पर्दछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## सेवा सञ्चालन सम्बन्धी प्रक्रिया तथा मापदण्ड

३. **निःसन्तान व्यवस्थापन सम्बन्धी सेवाहरू र सञ्चालन प्रकृया:** (१) स्वास्थ्य संस्थाको स्तर, भौतिक पूर्वाधार, उपलब्ध जनशक्तिका आधारमा देहाय बमोजिम निःसन्तान व्यवस्थापन सम्बन्धी सेवाहरू प्रदान गरिनेछ।

(क) स्क्रीनिङ, निदान, रोकथाम तथा परामर्श र प्रेषण

(ख) औषधी तथा हर्मोनल उपचार

(ग) शल्यक्रिया सेवा

(घ) आइ. यू. आइ. सेवा

(ङ) आइ. भी. एफ. सेवा

(२) उपदफा (१) को खण्ड (क) अनुसारका सेवाहरू सबै सरकारी र गैह्र सरकारी वा नीजि स्वास्थ्य संस्थाबाट प्रदान गरिनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमका सेवाहरू निःसन्तान व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रसूति तथा स्त्रीरोग विशेषज्ञ रहेको सरकारीर गैह्र सरकारी वा नीजि स्वास्थ्य संस्थाबाट प्रदान गरिनेछ।

(४) उपदफा (१) को खण्ड (ग) बमोजिमका सेवाहरू निःसन्तान व्यवस्थापन सम्बन्धी तालिमप्राप्त प्रसूति तथा सम्बन्धित विशेषज्ञ रहेको सरकारी र गैह्र सरकारी वा नीजि स्वास्थ्य संस्थाबाट प्रदान गरिनेछ ।

(५) उपदफा (१) को खण्ड (घ) आइ. यू. आइ. सेवा सञ्चालन गर्न दफा ४ बमोजिम मापदण्ड पुरा गरेकोहुनु पर्नेछ ।

(६) उपदफा (१) को खण्ड (ङ)आइ .भी. एफ.सेवा सञ्चालन गर्न दफा ५ बमोजिम मापदण्ड पुरा गरेकोहुनु पर्नेछ ।

**स्पष्टीकरणः** आइ. यू. आई. सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सेवाहरू र आइ. भी. एफ. सेवाहरू प्रदान गर्ने स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिमका सबै सेवाहरू समेत प्रदान गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम सेवाहरू प्रदान गर्ने स्वास्थ्य संस्थामा निःसन्तान व्यवस्थापन इकाई स्थापना गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम स्थापना हुने इकाईमा उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सेवाहरूको हकमा परामर्श कक्ष र उपदफा (१) को खण्ड (घ) बमोजिमका आइ यू आइ सहितका सेवाहरू प्रदान गर्ने भए दफा ४ बमोजिमको मापदण्ड र उपदफा (१) को खण्ड (ङ) बमोजिमका आइ भी एफ सहितका सेवाहरू प्रदान गर्ने भएमा दफा ५ बमोजिमका मापदण्ड अनुसारका कक्षहरू, औजार, उपकरण र सामग्रीहरु(कन्जुमेवल्सहरू) हुनु पर्दछ ।

(९) उपदफा (१) बमोजिम आइ. यू. आई. र आइ. भी. एफ. सेवा दिन इच्छुक गैह्र सरकारी वा निजी स्वास्थ्य संस्थालाई प्रचलित कानून र यस मापदण्ड बमोजिम सञ्चालन अनुमति दिन सकिनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

४. **आइ. यु. आइ. सेवा सञ्चालन सम्बन्धी मापदण्डः** (१) आइ. यु. आइ.सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थामा वहिरंग विभाग सहितको प्रसूति तथा स्त्रीरोग सम्बन्धी सेवाहरू,एन्ड्रोलोजी प्रयोगशाला, कोल्ड चेन प्रणाली, फार्मेसी, जनस्वास्थ्य सेवा नियमावली,२०७७ ले वर्गीकरण गरे अनुसार न्यूनतम "सी" वर्गको प्रयोगशाला र आकस्मिक उपचार सेवा समेत उपलब्ध हुनु पर्नेछ ।

(२) सघन उपचारका लागि सेवा उपलब्ध भएका स्वास्थ्य संस्थासंग सम्झौता भएको हुनु पर्नेछ।

(३) आइ. यु. आइ. सेवा सञ्चालन गर्न न्युनतम जनशक्ति, भौतिक पूर्वाधार, औजार उपकरण र कन्जुमेवल्सहरूको मापदण्ड अनुसूची १ बमोजिम हुनु पर्नेछ ।

५. **आइ. भी. एफ. सेवा सञ्चालन सम्बन्धी मापदण्डः** (१) आइ. भी. एफ.सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थामा वहिरंग विभाग सहित प्रसूति तथा स्त्रीरोग सम्बन्धी सेवाहरू, एन्ड्रोलोजी प्रयोगशाला, इम्ब्रियोलोजी प्रयोगशाला, फार्मेसी, जनस्वास्थ्य सेवा नियमावली, २०७७ ले वर्गीकरण गरे अनुसार न्युनतम "सी" वर्गको प्रयोगशाला, कोल्ड चेन प्रणाली, आकस्मिक सेवा, सघन उपचार कक्ष र शल्यक्रिया सेवा उपलब्ध हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आकस्मिक सेवा र सघन उपचार कक्ष उपलब्ध नभएमा आवश्यक परेका वखत त्यस्तो सेवा उपलब्ध गराउने गरी कम्तीमा एक विशेषज्ञ सरहको अस्पतालसंग सम्झौता भएको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सम्झौता भएको अस्पताल काठमाडौं उपत्यका भित्र २ कि. मि. रकाठमाडौं बाहिरको हकमा एम्वुलेन्स वा यातायातका अन्य साधनवाट यात्रा गर्दा आधा घण्टासम्म समय लाग्ने दुरीभित्र हुनु पर्दछ

(४) आइ. भी. एफ. सेवा सञ्चालन गर्न न्युनतम जनशक्ति, भौतिक पूर्वाधार, औजार, उपकरण र सामग्रीहरुको (कन्जुमेवल्सहरू) मापदण्ड अनुसूची २ बमोजिम हुनु पर्नेछ ।

६. **आइ. यु. आइ. र आई. भी. एफ.सेवा सम्बन्धी अन्य मापदण्डः**आइ. यू. आइ. र आइ.भी.एफ.सेवा सञ्चालन सम्बन्धी अन्य मापदण्डहरू देहाय बमोजिम हुनेछनः

(क) वीर्य संकलन कक्ष र एन्ड्रोलोजी प्रयोगशाला र आइ. यू. आइ. कक्ष संगसंगै हुनु पर्नेछ

(ख) शल्यक्रिया कक्ष र इम्ब्रायोलोजी प्रयोगशाला संगसंगै जोडिएको हुनु पर्दछ।

(ग) शल्यक्रिया कक्ष र इम्ब्रायोलोजी प्रयोगशालाको वीचमा ढोका र पास वक्स हुनु पर्दछ ।

(घ) शल्यक्रिया कक्ष र इम्ब्रायोलोजी प्रयोगशालामा सूर्यको प्रकाश नआउने व्यवस्था हुनु पर्दछ।

(ङ) शल्यक्रिया कक्ष र इम्ब्रायोलोजी प्रयोगशालामा इम्ब्रियोलोजिष्ट र सहयोगी स्वास्थ्यकर्मी वाहेक अन्य व्यक्ति सिधै जान नसक्ने व्यवस्था हुनु पर्दछ ।

(च) शल्यक्रिया कक्ष र इम्ब्रायोलोजी प्रयोगशालार एन्ड्रोलोजी प्रयोगशाला वातानुकूलित, HVAC or Coda tower system जडान भएको हुनु पर्नेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(छ) शल्यक्रिया कक्ष र इम्ब्रायोलोजी प्रयोगशालामा प्रयोग हुने औजार र सामानहरुलाई सफा र निर्मलीकरण गर्ने छुट्टै ठाउँको व्यवस्था हुनु पर्नेछ।

(ज) वीर्य संकलन गर्ने कक्षमा सफा आरामदायी सैया/सोफा, राखिएको हुनु पर्दछ । साथै कक्ष नजिकै शौचालयको व्यवस्था समेत हुनु पर्नेछ ।

(झ) एन्ड्रोलोजी प्रयोगशाला,आइ.यू.आइ. कक्ष, शल्यक्रिया कक्ष र इम्ब्रायोलोजी प्रयोगशाला कक्षको तापक्रम, आद्रता, हावाको गुणस्तर अनुसूची-३ बमोजिम हुनु पर्नेछ ।

(ञ) एन्ड्रोलोजी प्रयोगशाला, शल्यक्रिया कक्ष र इम्ब्रायोलोजी प्रयोगशाला बहिरंग कक्ष, सोधपुछ कक्ष आदिवाट मानिसको आवतजावतबाट टाढा हुनु पर्दछ ।

(ट) सरकारी वा गैह्सरकारी वा निजी आइ.भि.एफ./ आइ.यू.आइ.सेवा प्रदायक संस्थाको आफ्नै फार्मेसी सेवा इकाई हुनु पर्नेछ र सो फार्मेसी औषधी व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ ।

(ठ) संस्थाबाट उत्पादन हुने फोहोरको व्यवस्थापन चिकित्साजन्य फोहोरमैला व्यवस्थापनको प्रचलित मापदण्ड अनुसार हुनु पर्नेछ ।

(ड) संस्था परिसरमा सवारी साधन पार्किङको प्रर्याप्त सुविधा सहित दमकल र एम्वुलेन्स सजिलै आवत जावत गर्न सक्ने हुनु पर्नेछ ।

(ढ) शुद्ध खानेपानी, शौचालय र सञ्चारको सुविधा उपलब्ध हुनु पर्नेछ ।

(ण) अविछिन्न विद्युत आपूर्तिको व्यवस्था हुनु पर्नेछ ।

(त) महिला र पुरुषका लागि छुट्टाछुट्टै र अपाङ्गता मैत्री शौचालयको व्यवस्था हुनु पर्नेछ ।

(थ) स्ट्रेचर,व्हीलचेयरको व्यवस्था हुनु पर्नेछ ।

(द) बहिरङ्ग विभागमा पर्याप्त फर्निचर सहितको प्रतिक्षालय, टि.भि. स्क्रीनको व्यवस्था हुनु पर्नेछ।

(ध) बहिरङ्ग कक्षमा निसन्तान व्यवस्थापन सम्बन्धी सूचना शिक्षा सामग्री उपलब्ध हुनु पर्नेछ।

७. **<u>भवन सम्बन्धी मापदण्ड</u>**:(१) निःसन्तान व्यवस्थापन सम्बन्धी सेवा प्रदान गर्ने भवन प्रसूति तथा स्त्रीरोग सेवा प्रदान गर्ने स्वास्थ्य संस्था परिसरमा हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनियस मापदण्ड बमोजिम प्रकृया पुरा गरी छुट्टै स्थानमा आइ. यू. आइ. र आइ. भी. एफ. सेवा सञ्चालन गर्न सकिनेछ ।

(३) आइ. यू. आइ. र आइ. भी. एफ. सेवा सञ्चालन गरिने भवनको भवन संहिता बमोजिम मापदण्ड पुरा गरेको हुनु पर्दछ ।

(४) आइ. यू. आइ. सेवा सञ्चालन गरिने भवनका कोठाहरू अनुसूची-४ को फ्लोर प्लान बमोजिम हुनु पर्नेछ ।

(५) आइ. भी. एफ. सेवा सञ्चालन गरिने भवनका कोठाहरू अनुसूची-५ को फ्लोर प्लान बमोजिम हुनु पर्नेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(६) उपदफा (५) को फ्लोर प्लान बमोजिम आवश्यक कोठाहरू एकै साथ उपलब्ध हुन नसक्ने भएमा एण्ड्रोलोजी प्रयोगशाला, आइ.यु.आई.कक्ष, इम्ब्रायोलोजी प्रयोगशाला र शल्यक्रिया कक्ष अनिवार्य रूपमा संगसंगै हुनु पर्नेछ ।

(७) आइ. यू. आइ. र आइ. भी. एफ. सेवा सञ्चालन गरिने भवन अपाङ्गता मैत्री हुनु पर्नेछ

(८) संस्थाको आफ्नो स्वामित्वको भवन नभएमा कम्तिमा ५ वर्षको घर भाडा सम्झौता भएको हुनु पर्नेछ ।

(९)भवन सम्बन्धी अन्य मापदण्ड स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को व्यवस्था बमोजिम हुनेछ ।

८. **डोनर (Donor) सम्बन्धी मापदण्डः**(१) शुक्रकीट (Semen Donor) दान गर्ने व्यक्तिले अनुसूची-९ (क) अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

(२) अण्डा(Oocyte Donor) दान गर्ने व्यक्तिले अनुसूची-९(ख) अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

**गैह्रसरकारी वा निजी स्वास्थ्य संस्थाहरूमा निःसन्तान व्यवस्थापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था**

९. **अनुमति लिनु पर्नेः** (१) अनुमति नलिई आइ. यू. आई. वा आइ. भी. एफ. सेवा सञ्चालन गर्न पाईने छैन । संस्थाले थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने छ।

(२) निःसन्तान व्यवस्थापन सम्बन्धी सेवा सञ्चालन गर्न चाहने गैह्रसरकारी वा निजी स्वास्थ्य सस्थालाई मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले सञ्चालन अनुमति दिन तथा अनुमति नविकरण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन गर्ने सरकारी, गैह्सरकारी वा निजी स्वास्थ्य संस्था प्रचलित कानून बमोजिम दर्ता भएको र यस निर्देशिकामा उल्लेखित मापदण्डहरू पुरा गरेको हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सेवा सञ्चालन गर्न चाहने गैह्रसरकारी वा निजी स्वास्थ्य संस्थाले अनुसूची ६ बमोजिमका कागजात संलग्न राखी अनुसूची-७ बमोजिमको ढाँचामा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायमा आवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम परेका आवेदन परेका संस्थाहरूको स्थलगत निरिक्षणकालागि मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले अनुगमन टोली खटाउनेछ ।

(६) उपदफा (५) बमोजिमको खटिएको अनुगमन टोलीले स्थलगत निरिक्षण गरी अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदन प्राप्त भए पछि यस मापदण्ड बमोजिम प्रकृया पुरा गरेको गैह्रसरकारी वा निजी स्वास्थ्य संस्थालाई मन्त्रालयले सेवा सञ्चालन गर्न अनुमति दिनेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(८) उपदफा (७) बमोजिम अनुमति पाएका संस्थाले नविकरण गरि दिन निवेदन दिएमा अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा तोकिएको दस्तुर लिई नवीकरण गर्नेछ।

(९) उपदफा (८) बमोजिम नवीकरणका लागि सञ्चालन अनुमतिको म्याद समाप्त हुनु भन्दा कम्तिमा ३ महिना अगावै निवेदन दिनु पर्नेछ ।

(१०) यो मापदण्ड प्रारम्भ हूँदाका वखत निःसन्तान व्यवस्थापन सम्बन्धी सेवा दिईरहेका गैह्रसरकारी वा निजी स्वास्थ्य संस्थाले यो निर्देशिका स्वीकृत भएको मितिले ९०(नब्वे) दिन भित्र उपदफा(४) बमोजिम निवदेन दिनु पर्नेछ ।अन्यथा पुनः इजाजत पत्र लिनु पर्नेछ

(११)उपदफा (१०) बमोजिम निवेदन दिएका गैहसरकारी वा निजी स्वास्थ्य संस्थाले यो मापदण्ड पुरा नगरेको पाएइमा मापदण्ड पुरा गर्न अधिकतम १८०(एक सय असी) दिनको समायवधि दिन सकिनेछ ।

१०. **सेवा बन्द गर्न सकिने:** नवीकरणका लागि निवेदन नदिने, निर्धारित अवधिभित्र मापदण्ड पुरा नगर्ने, नियमित प्रतिवेदन नगर्ने, अनुगमनका क्रममा दिइएका निर्देशन पालना नगर्ने गैहसरकारी वा निजी स्वास्थ्य संस्थाको निःसन्तान व्यवस्थापन सम्बन्धी सेवा मन्त्रालयले तत्काल बन्द गर्न सक्नेछ।

११. **अनुमति खारेजः** यस मापदण्ड प्रारम्भ हुनु अघि सञ्चालनमा रहेका गैह्रसरकारी वा निजी स्वास्थ्य संस्थाले निःसन्तान व्यवस्थापन सम्बन्धी सेवा सञ्चालन गर्न नसक्ने जनाई अनुमति खारेजीको लागि निवेदन दिएमा त्यस्ता गैह्रसरकारी वा निजी स्वास्थ्य संस्थाको सञ्चालन अनुमति खारेज गरिनेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## विविध

१२. **सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्थाः** (१) आइ. यू. आइ. तथा आइ. भी. एफ. सेवा सञ्चालन गर्नेसरकारी, गैह्रसरकारी वा निजी स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ ले तोकेअनुसार हुनेछ। मन्त्रालयले तोकेको शुल्कभन्दा बढी शुल्क लिने स्वास्थ्य संस्थाहरुलाई प्रचलित कानून बमोजिम कारवाही गरी दर्ता नविकरण समेत खारेज गर्न सकिनेछ।

१३. **अनुगमन सम्बन्धी व्यवस्थाः**(१) निःसन्तान व्यवस्थापन सेवाको गुणस्तर, औजार उपकरण, जनशक्ति व्यवस्थापन लगायतका विषयमा अनुगमन गर्न देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ ।

(१) महाशाखा प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय — संयोजक

(२) शाखा प्रमुख, अनुगमन तथा मूल्याङ्कन शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय — सदस्य

(३) संयोजकले तोकेको विषय विज्ञ-३ (प्रसूतिरोग विशेषज्ञ, इम्ब्रायोलोजिष्ट र प्याथोलोजिष्ट/मे.ल्या.टे.) — सदस्य

(४) औषधी सम्बन्धी निरीक्षण गर्ने अधिकृत,स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसदस्य

(५) अधिकृत (ब./मे.ल्या.टे.,न.अ.,ज.स्वा.अ.), गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय — सदस्य सचिव

(२) आइ. यू. आइ. तथा आइ. भी. एफ. सेवा प्रदान गर्ने सरकारी तथा गैह्रसरकारी वा निजी स्वास्थ्य संस्थाको अनुगमन वर्षको २ पटक वा चाहेका वखत जुनसुकै समयमा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा अनुसूची-८ अनुसारको चेक लिष्ट प्रयोग गर्नु पर्नेछ।

१४. **गोपनीयता सम्बन्धी व्यवस्थाः** सरकारी, गैह सरकारी वा निजी स्वास्थ्य संस्थाबाट निःसन्तान सम्बन्धी सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा निजले प्राप्त गरेको उपचार लगायतका सूचनाहरू गोप्य राख्नुपर्नेछ ।

१५. मन्त्रालयले विभिन्न निकायहरुसंग समन्वय गरी आई.भि.एफ. विशेषज्ञ चिकित्सक र इम्ब्रोलोजिष्ट लगायतका जनशक्ति उत्पादनको लागि शैक्षिक एवं फेलोसिप कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाउनेछ ।

१६. **अभिलेख प्रतिवेदनः**(१)निःसन्तान सम्बन्धी सेवाको अभिलेख राख्न अभिलेख फाराम तयार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएका फाराममा बाँझोपना व्यवस्थापन सेवाको अभिलेख राखि मासिक रूपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले संचार माध्यम वा सामाजिक संञ्चालमा झुटो प्रचार प्रसार गरेमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(४) गरिव एवं विपन्न नागरिकहरु १० प्रतिशत सेवा अन्तर्गत निशुल्क उपचार सेवा उपलब्ध गराई सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

१७. **मापदण्डको व्याख्या:**यस मापदण्डको प्रयोग सम्बन्धमा कुनै दुविधा उत्पन्न भई व्याख्या गर्नु पर्ने भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

१८. **अन्य मापदण्ड बमोजिम हुने:** यस मापदण्डमा नसमेटिएका विषयका सम्बन्धमा स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अन्य व्यवस्थाहरू **स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७** (संशोधन सहित) बमोजिम हुनेछ।

१९. **स्वतःअमान्य हुनेः** यस मापदण्डमा लेखिएका कुनै कुरा प्रचलित नेपाल कानूनका कुनै व्यवस्थासंगबाझिएमा बाझिएकोहदसम्म स्वतः अमान्यहुनेछ ।

२०. **मापदण्डको संशोधनः** मन्त्रालयले यस मापदण्डतथा अनुसूचीहरूमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

**अनुसूची १**

दफा ४ उपदफा(३) संग सम्बन्धित

**आई. यू .आई. सेवा** सञ्चालन सम्बन्धी मापदण्ड

(क) भौतिक पूर्वाधार

| सि.न | विवरण | संख्या | क्षेत्रफल |
|---|---|---|---|
| 1 | Consultation room | 1 | १०० वर्ग फिट |
| 2 | Counselling Room | 1 | ५०-१०० वर्ग फिट |
| 3 | Injection Room with refrigerator | 1 | ७० वर्ग फिट |
| 4 | Semen Collection Room with bathroom | 1 | ५०-७५ वर्ग फिट |
| 5 | Changing Rooms (separate for male and female) | 2 | २५ वर्ग फिट |
| 6 | Andrology Lab | 1 | ५०-१०० वर्ग फिट |
| 7 | Restroomswith shower facility(separate for male, female and disability friendly) | 2 | |
| 8 | IUI room | 1 | ५०-१०० वर्ग फिट |
| 9 | USG room | 1 | १०० वर्ग फिट |
| 10 | Scrub Area/ Hand washing area | 1 | |
| 11 | Administrative room (Reception, registration and waiting, store, record, inquiry) | 1 | |
| 12 | Utility Room | 1 | |

(ख) औजार उपकरण

| सि.न | विवरण | संख्या |
|---|---|---|
| 1 | Ultrasonography Machine withcurvilinear,linear and endocavitary probe with probe guide and color Doppler | 1 |
| 2 | Patient examination Bed | 1 |
| 3 | Instruments trolleys | As per need |
| 4 | Laminar flow verticle type | 1 |
| 5 | Light Microscope( binocular or trinocular ) | 1 |
| 6 | Centrifuge thermo-regulated | 1 |
| 7 | Automated Semen Analyzer | 1 |
| 8 | Refrigerator with thermal monitoring system | 1 |
| 9 | Makler Chamber and cell counter | 2 |
| 10 | Cell counter | 2 |
| 11 | Variable Volume Pipette of different size | as per need |
| 12 | Fixed Volume Pipette of different size | as per need |
| 13 | Air-conditioning (AC) | 1 |
| 14 | Generator or power back up | 1 |



नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | |
|---|---|---|
| 15 | Test tubes warmer | 1 |
| 16 | Angular block | 2 |
| 17 | Incubator (Ambient Temperature) | 1 |
| 18 | $P^H$ Meter | 1 |
| 19 | Osmometer | 1 |
| 20 | Computer with Printer | 1 |
| 21 | Tube Racks | as per need |
| 22 | Pipette Stand | as per need |

(ग) consumables

| क.स | सामग्रीको नाम | संख्या | Features |
|---|---|---|---|
| 1 | Medias for IUI (Flushing media, Sperm preparation / Washing media, IVF media etc. | as per need | Media with sodium bicarbonate and HSA but HEPES buffer based preferred depending upon the type of incubation. |
| 2 | Test tubes: Round bottom and conical (approx. 5/14/15 ml). | as per need | Made up of polypropylene, non-toxic, resistant to heat and chemical |
| 3 | Glass slides | as per need | 75 x25mm and 1 mm thick and cover slip- 22x22 mm |
| 4 | IUI catheter | as per need | Centimeter marking outer sheath for confidence in placement, Smooth a-traumatic tips and MEA, LAL and HSSA treated would be preferred. |
| 5 | Semen Collection container | As per need | Made up of polypropylene, Wide mouth, nontoxic, heat resistant and MEA, LAL and HSSA tested preferred |
| 6 | Powder free gloves | as per need | |
| 7 | Andrological stains andreagents | as per need | Vitality, morphology, WBC etc |
| 8 | IUI cannula | as per need | |

**(घ)मानव संसाधन**

| क.स | जनशक्ति विवरण | आवश्यक शैक्षिक योग्यता / अनुभव | संख्या |
|---|---|---|---|
| १ | प्रसूति तथा स्त्रीरोग विशेषज्ञ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Obstetric/ gynecology विषयमा स्नातकोत्तर तह उतीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको र सम्बन्धित विषयमा कम्तिमा एक हप्ताको तालिम प्राप्त। | १ |
| २ | मेडिकल ल्याव | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा | १ |



नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | | |
|---|---|---|---|
| | टेक्नोलोजिष्ट | स्नातक तह उतीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको र सम्बन्धित विषयमा कम्तिमा एक हप्ता तालिम प्राप्त । | |
| ३ | मेडिकल ल्याव टेक्निसियन | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा प्रविणता प्रमाणपत्र तह उतीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | १ |
| ४ | स्टाफ नर्स | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स उतीर्ण भईनेपाल नर्सिङ परिषदमा दर्ता भएको | १ |
| ५ | प्रशासन, सहयोगी , सुरक्षाकर्मी र सरसफाईकर्मी | | ३ |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## अनुसूची २

दफा ५ उपदफा(४) संग सम्बन्धित

आई भी एफ सेवा सञ्चालन सम्बन्धी मापदण्ड

(१) भौतिक पूर्वाधार

| सि.न. | विवरण | संख्या | क्षेत्रफल |
|---|---|---|---|
| १ | Consultation room (Gynecologist and Clinical Embryologist) | 2 | १०० वर्ग फिट (प्रति कक्ष) |
| २ | Counselling Room | 1 | ७५ वर्ग फिट |
| ३ | Injection Room with refrigerator | 2 | ७५ वर्ग फिट |
| ४ | Semen Collection Room with audio video facility | 2 | ७५-१०० वर्ग फिट |
| ५ | Changing Rooms (separate for male and female) | 2 | २५ वर्ग फिट |
| ६ | Restrooms(separate for male and female with Disability Friendly) | 2 | |
| ७ | IUI room | 1 | १०० वर्ग फिट |
| ९ | USG room | 1 | |
| १० | Administrative room (Reception, registration and waiting) | 1 | |
| ११ | Operation Theater | 1 | १०० वर्ग फिट |
| १२ | Recoveryroom | 1 | १५०-२००वर्ग फिट |
| १३ | Scrub Area/ room | 1 | |
| १४ | Andrology Lab | 1 | ७५-१०० वर्ग फिट |
| १५ | IVF/ Embryology lab | 1 | १५०-२००वर्ग फिट |
| १५ | Utility Room | 1 | |

(२) औजार उपकरण

| क्र.स. | औजार उपकरण | संख्या | स्पेशिफिकेशन विशेषता |
|---|---|---|---|
| 1 | Ultrasonography Machine with TVS probe | 1(OPD /OT room) | abdominal and vaginal probe with probe guide and color Doppler |
| 2 | Patient examination Bed | 1 | |
| 3 | Instruments trolleys | as per need | Stainless steel with open shelves with wheel |
| 4 | Andrology workstation (laminar air flow): 2x6 ft. | 1 | 2x6 feet LAF where both user and products are protected against particles and microbial contamination, should have UV light, adjustable luminosity, low noise level: approx. 55Db, fixed support stand, surgical stainless steel(approx. 2mm), toughened glass front window |



नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | | |
|---|---|---|---|
| 5 | Light Microscope:<br>a)Binocular and<br>b) Trinocular(optional) | 1 | High resolution, provision to fit for camera to take pictures and record videos and can be saved, having USB facilities, monitor etc. |
| 6 | Centrifuge | 2 | Speed in both rpm/ rcf: approx. 2200 rpm/ 800 rcf, 3 levels of breaking- normal, slow, very slow, temperature range: approx.. 26oC- 42oC, types of rotors: fixed angle rotor & swinging, type of motor: electronic brushless type, no. of tubes approx.8, tube capacity: 14/15ml and 5/6 ml with adapter, noise level: < 30db, permissible ambient temperature: 23OC-27OC, permissible ambient humidity: 50-60% |
| 7 | Incubator(ambient) | 1 | Stainless steel, minimum 14 ltr. capacity |
| 8 | Cryo-tanks of different types with trolley. | 4 | LN2 storage tank: 50 lt LN2 storage tank with super insulated fitted with pouring spout, pressurized dispensing device, roller base for mobility.<br>Sample storage tank: No. of canistersapprox.-10, LN2 capacity approx. 50 lt , no. of 1.2 ml and 2ml vials (5 per cane), static evaporation rate: Not > 0.4lt per day, neck opening approx. 130mm, canister height approx. 280mm |
| 9 | Refrigerator | 2 | Medical/ clinical graded: microprocessor temperature controller, digital display with alarm system |
| 10 | Makler chambers | 4 | |
| 11 | Angular blocks | 4 | |
| 12 | Automated Semen Analyzer | 1 | Approx. 24" HD touch screen interface and capable of performing full range of sperm conc., motility (rapid, slow etc.), diff. morphology, vitality, sperm motility index, average path velocity (VCL), DFI, etc. .<br>High resolution visualization system and capable of record videos and capture images, Inbuilt QC system and customizable report format with WHO standard comparison |
| 13 | Fix volume pipettes | 2 each | Appropriate tips: 50µl, 100µl, 500µl and 1000µl |
| 14 | Variable volume pipettes | 2 each | Appropriate tips: up to 10µl, 10-20µl, 20-50µl |
| 15 | Pipette stand/racks | As per need | |
| 16 | Tube racks | As per need | |
| 17 | Computer | 1 | High-capacity RAM and processor and saving space |
| 18 | Printer | 1 | Color printer having USB port |
| 19 | IVF workstation with multiple heating zone. | 1 | At least class 1 vertical IVF workstation 2 x 4 feet for 1 stereo-zoom microscope, HEPA filters: H-14 type and |



नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | | |
|---|---|---|---|
| | | | efficiency 99.99 for 0.3 micrometer particle size, electrical heating, flow meter to regulate flow rate of gas through bubble flask(vertical flow), noise level up to 55 Db, integrated humidification system, light damping facility to adjust light intensity, working chamber heated table top made up of SS and controlled by electronic temperature controller with digital display, must be ISO, CE and/or FDA approved. |
| 20 | Anti-vibration table | 1 | High density steel, height adjustable, rectangular platform |
| 21 | CO2 incubators | 2 | Volume: approx. 160 ltr. (3-4 shelves)Temperature control method: Direct heat & air jacket using microcontroller PID; temperature range: approx. ambient +5 to 600c with fluctuation: +/-0.20c, uniformity<+/-0.50c, accuracy: <+-0.10c & recovery: <=5 mins , CO2 control system: microcontroller PI; Approx.CO2 range: 0-19.5%; Infrared sensor & recovery time: not > 8 min(at 5% CO2 by volume), Optional:O2 control system: microcontroller PI; O2 range: 1-18% zirconia O2sensor & recovery time: not >10 min(at5% O2 by volume), Humidity: natural humidification with range: approx.. 85-90, Contamination control method: main body is electro galvanized steel with Isoacid antimicrobial coating; 900c moist heat decontamination cycle(HPA validated); 0.2 micron inlet filter for gas inputs; ULPA filters |
| 22 | Bench top incubator with or without premixing chamber for tri gas (CO2, O2, N2) –Preferred (Optional) | 1 | Excellent control and accuracy of ph., temp. and humidity between 2-10 chambers and one chamber at least can accommodate 2 dishes at a time, inbuilt gas chamber must be there to mix the CO2, N2 and O2 , 24 hour digital recording of temp. and gas flow, each chamber preferably must have heated lid, alarm system in case of power failure, should have UV- decontamination of air stream, should have data logging system and alarm, low noise, non-inductive heating system to provide no electromagnetic fields around embryos |
| 23 | Stereo zoom Microscopewith monitor | 1 | |
| 24 | Inverted microscope with micro manipulator and monitor with all the accessories | 1 set | Compatible with manipulator, touch screen quadruple heated stage and digital help function, magnifications: at least 3 positions, approx.; 1x,1.6x and 2x, mechanical coarse and fine xyz for most accurate movement, heated stage accuracy to o.o5Oc and XY stage control, air syringe, on screen image, option to upgrade to the system for IMSI, embryo biopsy for PGS/PGD. All the accessories related to ICSI like monitor and software |
| 25 | Digital test tube warmer/ Block warmer | 2 | Stainless steel with minimum 1-1 each block for min 4-6 test tubes of 5ml & 14ml, stable heating environment, |



नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | | |
|---|---|---|---|
